# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला भोजपुर, हतुवागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घोडेटारमा कार्यरत इन्जिनियर मिछुहाङ्ग किराँतले सडक निर्माण, स्तरोन्नती र पोखरी निर्माण कार्यको मुल्याङ्कन बिल बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज इन्जिनियर मिछुहाङ्ग किराँतलाई सेवाग्राहीसँग रू.५०,०००/-(पचास हजार) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा पक्राउ गरी नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज इन्जिनियर मिछुहाङ्ग किराँतले उपभोक्ता समिति मार्फत स्काभेटर प्रयोग गरी निर्माण गरेका योजनाहरूको मुल्याङ्कन गरी बिल बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरी लिएको स-प्रमाण पुष्टि भएकाले निज इन्जिनियर मिछुहाङ्ग किराँतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर अपराध भएकाे हुँदा निजलाई बिगो रू.५०,०००।—(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सहाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता